नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७७/०७८

मिति: २०७७।७।२९

## जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कञ्चनपुर जिल्लामा कोभिड-१९ को संक्रमण बढ्दै गईरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को २०७७।०७।२४ गतेको निर्णयको आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ र संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार समेत प्रयोग गरी यस जिल्ला भर मिति २०७७।०८।०१ गते राती १२.०० बजे देखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमोजिम आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि अनुरोध छ।

**निषेध गरिएका सेवा/क्रियाकलापहरुः**

१. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) सञ्चालन गर्न।

२. कुनै पनि मेला, पर्व, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरु भेला हुन, भिडभाड गर्न, जुलुस गर्न, सिनेमा हल, पार्टी प्यालेस, डिपार्टमेण्ट स्टोर, मनोरञ्जन स्थल, डान्सबार, सैलुन, व्यूटिपार्लर तथा स्पा, स्वीमिङ पुल, जिमखाना, हेल्थक्लव, पुस्तकालय, आदि सञ्चालन गर्न।

३. सवै प्रकारका धार्मिक तथा सामाजिक स्थल सञ्चालन गर्न।

४. २५ जना भन्दा वढी सहभागी नहुने गरी अत्यावश्यक स्वास्थ्य र सुरक्षासँग सम्बन्धित बैठक, गोष्ठी वा सेमिनार तथा भर्चुअल बाहेक सवै प्रकारका वैठक, गोष्ठी वा सेमिनार सञ्चालन गर्न।

**सञ्चालन गर्न पाउने सेवा/क्रियाकलापहरुः (विहान ५.०० बजे देखि बेलुकी ८.३० बजे सम्म मात्र)**

१. छोटो, मध्यम र लामो दुरीमा जिल्ला भित्र तथा अन्तर जिल्लामा सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनको सञ्चालन स्थगन गरिएकोमा देहाय बमोजिम हुने गरी सञ्चालन गर्ने।

   क. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७।०६।२६ गतेको निर्णयानुसार मिति २०७७।७।१ गते देखि लागू हुने गरी छोटो, मध्यम तथा लामो दूरीका सार्वजनिक सवारी साधनमा मिति २०७६ चैत्र ११ गते अधि कायम भएको नियमित भाडादर लागू हुने। कुनै किसिमको थप भाडा लिन नपाईने।

   ख. सवै यात्रुहरुले अनिवार्य मास्क लगाउने।

   ग. यात्रु चढने समयमा सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजर समेतको व्यवस्था गर्ने।

   घ. चालक तथा सह-चालकले मास्क, भाइजर र पञ्जा लगाउने।

   ङ. सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्ने।

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७७/०७८

च. सार्वजनिक यातायात सञ्चालन र यात्रु व्यवस्थापन सम्बन्धी थप र विस्तृत मापदण्ड भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बनाएको मापदण्ड अनुरुप सञ्चान गर्ने।

छ. सार्वजनिक यातायात तथा यात्रु व्यवस्थापन स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाइका साथ पूर्ण पालन भए/ नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने गराउने।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेन्ट ट्रेकिङ तथा ट्राभल सेवा व्यवसाय सञ्चालन गर्ने।

३. विकास आयोजनाहरु सञ्चालनका लागि अत्यावश्यक पर्ने प्राविधिक जनशक्तिलाई आयोजना सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयको सिफारिसमा र उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउन RT-PCR नेगेटिभ भएको (यात्रा गर्नु भन्दा ७२ घण्टा भित्रको) रिपोर्ट सहित आयोजनाले व्यवस्था गरेको आवासमा अनिवार्य रुपमा रहने गरि नेपाल प्रवेश गर्ने अनुमति दिइने।

४. उपलब्धता तथा उपयुक्तताको आधारमा दुर शिक्षा लगायतका वैकल्पिक सिकाईका माध्यमबाट शिक्षण तथा सिकाई कार्यलाई निरन्तरता दिने।

५. सवै कार्यालय/निकाय एवं संघ संस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरि सेवा प्रवाह गर्ने। यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना गर्ने/ गराउने।

६. दफा ५ बमोजिमका सेवा र कार्यहरु बाहेकका उद्योग, कलकारखाना लगायतका सेवा व्यवसाय सञ्चालन गर्दा सञ्चालक, व्यवस्थापक, कर्मचारी, श्रमिक लगायतका सवैले अनिवार्य रुपमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने। यसरी मापदण्ड पालना भए/नभएको अनुगमन गर्ने दायित्व सम्बन्धित नियमकारी निकायको हुने।

७. कञ्चनपुर जिल्ला स्थित अन्तराष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन मिति २०७७ मंसिर मसान्त सम्म स्थगित गर्ने। तर गड्डाचौकी र गौरीफन्टा नाकाबाट स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन र मालसामानको ढुवानी व्यवस्था बिहान ६.०० बजे देखि बेलुका ८.०० बजे सम्म कायम हुने गरी निरन्तरता दिने।

८. विश्वविद्यालय, आयोग, प्रतिष्ठान, बोर्ड, परिषद्, विद्यालय तथा शिक्षण संस्थाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्वस्वीकृतिमा जनस्वस्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालन हुनेगरी सो मन्त्रालयले तोकेको विधि,पद्धति, प्रक्रिया तथा अन्य व्यवस्थाहरु अवलम्वन गरी परीक्षा संञ्चालन गर्ने। लोक सेवा आयोगद्वारा सञ्चालन हुने परीक्षाको हकमा जनस्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्डको पूर्ण पालना हुने गरी विधि, पद्धति, प्रक्रिया तथा अन्य व्यवस्थाहरु आयोगले निर्धारण गरे बमोजिम हुने।

९. जनस्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना हुने गरी तालिम प्रदायक संस्थाले एकपटकमा वढीमा २५ जना सहभागी हुने गरी वढीमा एक हप्ताको व्यवसायिक तालिम सञ्चालन गर्ने।

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७७/०७८

१०. शिक्षण सिकाईलाई निरन्तरता दिनका लागि विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ तथा विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७ बमोजिम विद्यार्थीको सिकाई सहजीकरण गर्ने गराउने।

११. नेपालस्थित विदेशी कूटनीतिक नियोग, अन्तराष्ट्रिय संघ संस्था र अन्तराष्ट्रिय गैरसरकारी संस्थामा कार्यरत विदेशी नागरिक तथा निजका परिवारका सदस्यहरु र नेपाली मूलका गैर आवासीय विदेशी नागरिक तथा निजका परिवारका सदस्यहरुलाई यात्रा शुरु गर्नुअघि ७२ (बहत्तर) घण्टाभित्रको PCR परीक्षण Negative Report को आधारमा नेपाल प्रवेश अनुमति दिइने। PCR Report Negative भएका अभिभावकका पाँच वर्षभन्दा मुनिका बालबालिकाहरुको हकमा PCR Report आवश्यक नपर्ने।

१२. स्वास्थ्य तथा सुरक्षाका मापदण्डहरु पालना हुने गरी आगामी ओलम्पिक खेलकुदमा सहभाँगिताका लागि छनौट हुने खेलका प्रशिक्षण सुचारु गर्न, फुटबल, क्रिकेट लगायतका खेलहरुको अन्तराष्ट्रिय स्तरमा सहभागित जनाउन, मैत्रीपूर्ण खेलहरु आयोजना गर्न, स्थगित रहेका फुटबलका डिभिजनका खेलहरु सञ्चालनको आवश्यक तयारी गर्न, विभिन्न खेल संघ/महासंघहरु मार्फत आयोजना हुने राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुमा सहभागिताका लागि प्रशिक्षणलगायतका तयारी गर्न र खेल संघहरुको गतिविधिहरु सञ्चालन गर्न/गराउन।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट पर्यटनसँग सम्बन्धित विभिन्न सेवा, व्यवसाय तथा कार्य सुचारु गर्ने सम्बन्धमा स्वीकृतिका लागि अनुरोध भएका केवलकार, साहसिक पर्यटन, जंगल सफारी, संग्रहालयलगायत पर्यटन सँग सम्बन्धित सेवा तथा कार्यहरु स्वीकृत स्वास्थ्य मापदण्ड तथा सेवा सञ्चालनको लागि मन्त्रालयले तोकेको मापदण्ड पालना हुने गरी सञ्चालन गर्न।

१४. यस आदेशमा उल्लेख भएकोमा बाहेक अन्य विषयमा नेपाल सरकारबाट समय समयमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएका आदेशहरु बमोजिम हुने।

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी